म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- २५१ २०८० साउन २१ गते आइतबार 6 August 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## डेङ्गु नियन्त्रण गर्न सरसफाई

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बागमती गाउँपालिका कमिटीले डेङ्गु रोग नियन्त्रण गर्न भन्दै सरसफाई कार्यक्रम सुरु गरेको छ । शनिबार बागमती–६ स्थित फापरबारी बजार क्षेत्रबाट सरसफाई सुरु गरिएको पार्टीका गाउँपालिका संयोजक सुजन पाख्रिनले जानकारी दिनुभयो ।

उहाँले पालिकाका सबै सार्वजनिक ठाउँहरुमा सरसफाई गर्ने कार्यक्रम रहेको बताउनुभयो । सार्वजनिक ठाउँमा सरसफाई गरि सकेपछि विद्यालय–विद्यालयमा पुगेर पनि सरसफाईका कार्यक्रम गरिने उहाँले बताउनुभयो । सरसफाई कार्यक्रममा पार्टीकी प्रदेश सदस्य सुनिता राई, प्रदेश महिला विभाग सदस्य शान्ति थापालगायतको उपस्थिति रहेको थियो ।

### हेटौंडा उपमहानगरमा छैन निजी विद्यालयका विद्यार्थीको यकिन तथ्यांक

# स्थानीय सरकार गैरजिम्मेवार बनेको आरोप




जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा निजी विद्यालयमा अध्ययनरत् विद्यार्थीको यकिन तथ्यांक छैन । विगत वर्षहरुबाट नै निजी विद्यालयमा अध्ययनरत् विद्यार्थीको यकिन तथ्यांक उपमहानगरले राख्ने नगरेको पाइएको हो । शैक्षिकसत्र २०७७ देखि चालु शैक्षिकसत्र २०८० सम्म निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण हेर्दा यकिन तथ्यांक नभएको पाइएको हो ।

हेटौंडा उपमहानगरपालिकाभित्र ४८ वटा संस्थागत विद्यालय रहेका छन् । जसमा केही विद्यालयले विद्यार्थी विवरण बुझाएका छैनन् । सामुदायिक विद्यालयहरुले भने सबैले विवरण बुझाएका छन् । २०७७ सालमा ३९ वटा संस्थागत विद्यालयले मात्र विद्यार्थीको तथ्यांक बुझाएको पाइएको छ । सो वर्ष ९ वटा विद्यालयले विद्यार्थी विवरण नै बुझाएका थिएनन् । यस्तै, २०७८ मा ४१ वटा विद्यालयले विवरण बुझाएका थिए । सो वर्ष ७ वटा विद्यालयले विवरण नबुझाएको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले जनाएको छ । गत वर्ष २०७९ मा पनि ३९ वटा संस्थागत विद्यालयले मात्र विद्यार्थी विवरण बुझाएका थिए । यस वर्ष पनि विद्यार्थी विवरण बुझाउने समयसीमा सकिसक्दा ३० वटा विद्यालयले मात्र विद्यार्थी विवरण बुझाएको पाइएको छ ।

२०७७ सालको तथ्यांकअनुसार ३९ वटा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या २१ हजार ४ सय २८ थियो । कक्षा १२ सम्म ९ हजार एक सय ८० छात्रा र १२ हजार २ सय ४८ छात्र अध्ययनरत थिए । उक्त वर्ष ९ वटा विद्यालयले विद्यार्थी भर्ना विवरण बुझाएको थिएन । २०७८ सालमा ४१ वटा विद्यालयमा ८ हजार ४ सय ७४ छात्रा र ११ हजार ४ सय ९ छात्र गरी १९ हजार ८ सय ८३ विद्यार्थी देखिन्छ । २०७८ सालमा ७ वटा विद्यालयले विद्यार्थी विवरण बुझाएको थिएन । २०७९ सालको तथ्यांकलाई हेर्दा ३९ वटा विद्यालयमा छात्रा ९ हजार ५ सय ६९ र छात्र १२ हजार ४ सय ८५ गरी २२ हजार ५४ जना देखिन्छ । उक्त वर्ष पनि ९ विद्यालयले विद्यार्थी विवरण बुझाएन ।

२०८० सालको तथ्यांकलाई हेर्दा ३० वटा विद्यालयमा छात्रा ८ हजार २९ र छात्र १० हजार ८ सय ७२ गरी १८ हजार ९ सय ४ विद्यार्थी देखिन्छ । जसमा १८ वटा विद्यालयले विद्यार्थी विवरण नबुझाएको देखिन्छ । हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले भने सबै निजी विद्यालयहरुले विद्यार्थी विवरण बुझाएको दावी गर्दै आइरहनु भएको छ । तर, सबै निजी विद्यालयहरुले विवरण बुझाएको तथ्यांक भने उपमहानगरमा छैन । प्राविधिक कारण हुनसक्ने भन्दै दावी गरिए पनि विगतका वर्षहरुको विद्यार्थी विवरण यकिन नदेखिनुले नियमन फितलो देखिन्छ ।

निजी विद्यालयको नियमन तथा व्यवस्थापन गर्नु स्थानीय सरकारको जिम्मेवारी हो । जसमा स्थानीय सरकार फितलो देखिन्छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीले उपमहानगरभित्र ३४ वटा माध्यमिक तहका र १४ वटा आधारभूत तहको गरी ४८ वटा संस्थागत (निजी) विद्यालय छन् । प्याब्सनसँग पनि निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको यकिन तथ्यांक छैन । अध्यक्ष सुवेदीले उपमहानगरभित्र कति विद्यार्थी अध्ययनरत् छन् भन्ने कुरा आफूलाई जानकारी नभएको स्वीकार्नु भयो । करिब २२ हजार विद्यार्थी अध्ययनरत् रहेको अनुमान छ । स्थानीय तहको तथ्यांक संकलन समितिले समयमा सूचना निकाल्दैन । निकालिए पनि कम समयावधिका लागि मात्र सूचना निकालिएको हुनसक्छ ।

प्राविधिक त्रुटी तथा सफ्टवेयर परि वर्तन भइरहने समस्याले पनि यकिन विद्यार्थी विवरण नदेकिएको हुनसक्ने प्याब्सन अध्यक्ष सुवेदीले बताउनुभयो । सबै विद्यालयले विद्यार्थी विवरण बुझाएको हुनुपर्ने बताउनुहुँदै सम्बन्धित निकायले बेवास्ता गर्दा यस्तो समस्या निम्तिएको जानकारी दिनुभयो । सामुदायिक विद्यालय सरकारको अनुदानबाट चलेकाले ती विद्यालयहरुको विद्यार्थी विवरण प्रष्ट देखिन्छ । छात्रवृत्तिदेखि शिक्षकलाई तलब वितरण र प्राविधिक तथा आर्थिक सहयोग राज्यले गरिरहेको हुन्छ । जसले गर्दा सबै सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीको विवरण उपमहानगरमा देखिएको उहाँको भनाइ छ ।

सबै सामुदायिकको विद्यालयको विद्यार्थी विवरण उपमहानगरमा देखिनु तर निजी विद्यालयको नदेखिनुले स्थानीय सरकार गैरजिम्मेवार देखिएको सुवेदीले आरोप लगाउनुभयो । यसरी स्थानीय तह र सम्बन्धित निजी विद्यालय दुबैको हेलचेक्र्याइँले यथार्थ विवरण नदेखिएको उहाँको स्पष्टोक्ति छ । राज्य सञ्चालन तथा व्यवस्थापन सहयोगका लागि यथार्थ तथ्यांक उपलब्ध गराउनु विद्यालयको महत्वपूर्ण जिम्मेवारी हो । राज्यको अनुमति लिएर खोलिएका निजी विद्यालयहरुको नियमन तथा व्यवस्थापनमा राज्य नै गैरजिम्मेवार बन्दा विगत लामो समयदेखि निजी विद्यालयहरुले विद्यार्थी विवरण नबुझाएको प्रष्ट देखिन्छ । गत वर्षदेखि हेटौंडा उपमहानगरभित्र सञ्चालित क्याम्पसबाट पनि विद्यार्थी विवरण लिने गरिएको हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाले जनाएको छ ।

## कांग्रेस मकवानपुरको पूर्ण बैठक आज बस्दै

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस जिल्ला कार्यसमिति मकवानपुरको पूर्ण कमिटीको बैठक आज आइतबार बस्दैछ । पार्टीको आन्तरिक विशेष अभियान २०८० अन्तर्गतको बैठक बस्न लागेको पार्टी जिल्ला सचिव भीमसेन महतले बताउनुभयो ।

पार्टीको सांगठनिक सुदृढीकरण अभियानका लागि मकवानपुरमा खटेर आउनुभएका पार्टीकी केन्द्रीय प्रतिनिधि सदस्य लक्ष्मी खतिवडाको उपस्थितिमा बैठक बस्नेछ । अभियान ३० गतेसम्म सञ्चालन हुने सचिव महतले बताउनुभयो ।

अभियानमा जिल्ला तहमा भएको संगठनकै अवस्थाअनुरुप नै वडा तहसम्म पूर्णता हुन बाँकी वडा कमिटीहरुलाई पूर्णता दिने, विभाग, भातृ संगठनहरुलाई पूर्णता दिने सचिव महतले बताउनुभयो । यहि साउन २३ र २४ गते प्रतिनिधिको बैठक बस्ने र बैठकमा वडा तहका सभापतिहरुको उपस्थिति रहने उहाँले बताउनुभयो । यस्तै, २७ र २८ गते जिल्लाभरिका वडाहरुमा एकैपटक भेला हुने र भेलाबाट तयार पारिएको संयुक्त रिपोर्ट लिएर ३० गते सम्पन्न हुने उहाँले बताउनुभयो । सचिव महतले जिल्लामा अहिले २४ वटा भातृ शुभेच्छुक पेसागत संगठन रहेको बताउनुभयो । अहिले आन्तरिक विशेष अभियान सञ्चालन हुन लागेको र दोस्रो पटक खुल्ला अभियान सञ्चालन हुने उहाँले बताउनुभयो ।

# उपमहानगरभित्र ७ सय १५ वटा बोटविरुवा रोपियो




वृक्षरोपण गर्नुहुँदै नगर प्रमुख मीना लामासहित जनप्रतिनिधि र स्थानीय ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रको सडकपेटीमा वृक्षरोपणको कार्य तीव्ररुपमा भइरहेको छ । हरेक शनिबार सम्बन्धित टोल विकास संस्थाको सक्रियतामा टोलको मुख्य तथा सहायक सडकको छेउ तथा पेटीमा बिरुवा रोप्ने कार्य भइरहेको छ । हालसम्म ७ सय २५ वटा बोट विरुवा रोपिएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

गत असार १५ गते वातावरण संरक्षण तथा सहरी वन कार्यक्रम अन्तर्गत सम्झौता गरी बोटविरुवा रोप्न सुरु गरिएको हो । वृक्षरोपण उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण थापाकाअनुसार हेटौंडा-४ र ५ नम्बर वडाभित्रका विभिन्न टोल विकास संस्थामा बिरुवा रोपेको छ । सीताअशोक, मिनि गुलमोहर, कल्कि, अशोक फुल, घन्टी फुल, असारे फुल, म्याङ्गो स्टिक, करविर, टक्कर, निलो जाई, इन्द्र कमल, धुपी मयुरपंखी, टिकुमा, अनार, हलुवा वेद रोपिएको छ ।

हेटौंडा उपमहानगरपालिकाको १७ लाख ८० हजार रुपैयाँ र उपभोक्ता समितिबाट एक लाख ९७ हजार रुपैयाँ गरी १९ लाख ७८ हजार रुपैयाँ बजेटमा वृक्षरोपणको कार्य गरिएको छ । बिरुवाको संरक्षण र सुरक्षाका लागि अग्लो तारजाली पनि लगाइएको छ ।

# आँखा पाक्ने समस्या देखिएपछि विद्यालय बन्द

चितवनः विद्यालयमा आउने बालबालिकामा आँखा पाक्ने समस्या बढ्दै गएपछि खैरहनी नगरपालिकाका विद्यालयहरु दुई दिनका लागि बन्द गरिएको छ । पालिकाभित्र रहेका विद्यालय तथा क्याम्पस साउन २१ र २२ गते दुई दिनका लागि बन्द गरिएको हो ।

नगर शिक्षा अधिकारी राजु बानियाँले विद्यालय आउने विद्यार्थीमध्ये ४० प्रतिशतमा आँखा पाक्ने समस्या देखिएपछि विद्यालय बन्द गरिएको जानकारी दिए । सामुदायिक विद्यालयमा परीक्षा सकिएर वर्षे बिदा भएकाले संस्थागत विद्यालय र क्याम्पसहरु बन्द गरिएको उनले बताए । बानियाँका अनुसार अहिलेको बिदा विद्यालयले हिउँदे र बर्षे बिदाबाट कट्टा हुने गरी मिलान गर्नुपर्नेछ ।

यस पालिकामा सामुदायिक विद्यालय २७, संस्थागत विद्यालय २२ र कलेज चार रहेका छन् । यहाँ १७ हजार ५ सय विद्यार्थी अध्ययन गर्दै आएका छन् ।

मौसममा आएको परिवर्तनसँगै 'एडिनो भाइरस कन्जङ्क्टिवाइटिस'का कारण बालबालिकामा आँखा पाक्ने समस्या देखिएको नगर स्वास्थ्य अधिकारी निर्मल घिमिरेले जानकारी दिए । उनका अनुसार यो सङ्क्रमण पाँचदेखि सात दिनमा निको हुन्छ ।

यसबाट बच्नका लागि आँखाका बिरामीको संसर्गमा नआउने, कालो चस्मा लगाउने, आँखा परीक्षण गरी औषधिको प्रयोग गर्ने, सफा पानीले नियमित आँखा सफा गर्ने, नियमित साबुनपानीले हात धुने, तौलिया, रुमाल, लत्ताकपडा तथा शृंगारका सामानहरु साझारुपमा प्रयोग नगर्ने उपाय अपनाउनुपर्ने घिमिरेले बताए ।

(स्रोतः अनलाइनखबर)

# सडक विस्तार गर्न उच्चस्तरीय छानविन समिति आवश्यकः नेता बज्राचार्य

समाज संवाददाता

हेटौंडाः जनता समाजवादी पार्टीका नेता तथा पार्टीका केन्द्रीय सल्लाहकार विद्युत बज्राचार्यले हेटौंडाको सडक विस्तार गर्न उच्चस्तरीय छानविन समिति बनाउन आवश्यक रहेको बताउनुभएको छ । शनिबार पार्टीले हेटौंडामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै उहाँले सडक विस्तार गर्ने विषयमा विभिन्न षड्यन्त्र र अनियमितता हुँदै आएको दावी गर्नुहुँदै सरकारले उच्चस्तरीय छानविन समिति बनाएर छानविन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

२५-२५ गजभित्र पर्ने वास्तविक जग्गाधनीहरुले मुआब्जा नपाएको उहाँले बताउनुभयो । सरकारले नै जग्गाको लालपुर्जा दिएर कर उठाइरहेको अवस्थामा सडक विस्तार गर्ने कुराको छलफल गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले २०३४ सालदेखि भएको सड़कसम्बन्धी सम्झौता र निर्णयहरुको कागजातहरुलाई हेरेर छानविन गर्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले अधिकांश पार्टीका नेता तथा सरकारी कर्मचारीहरुले आफु सत्ता र पदमा हुँदा सडक भत्काउनु पर्छ भन्ने गरेको तर सत्ता र पदबाट बाहिरिएपछि उचित मुआब्जा नदिई सडक विस्तार गर्न पाइँदैन भन्दै आइरहेको आरोप लगाउनुभयो । उहाँले वास्तविक पीडितलाई क्षतिपूर्ति दिएर सडक विस्तार गर्नुपर्ने बताउनुभयो ।

सडक विस्तारको विषयलाई लिएर हेटौंडा उपमहानगरले पनि तीव्र अग्रसरता देखाउँदै आएको छ । डिभिजन सडक कार्यालय हेटौंडाले आयोजना गरेको छलफलमा नगर प्रमुख मीना कुमारी लामाले सडक विस्तारको कार्यमा उपमहानगरपालिकाले सहयोग गर्ने र आफू सडक विस्तार गर्न तयार रहेको बताउनु भएको थियो । यस्तै सडक विस्तारलाई नै प्रेरित गर्ने गरी हेटौंडा उपमहानगरले मुख्यबजारक्षेत्रमा रहेको रेलिङ समेत निकालि सकेको छ । आफूहरु पीडित हुने भन्दै गुनासो गर्न आउने नगरवासीसँग भाग्नुभएकी नगरप्रमुख लामा सडक विस्तार नभए आत्मदाह गर्छु भन्दै ज्ञापनपत्र बुझाउनेलाई भने नगरप्रमुखले आफ्नो कार्यकक्षमा स्वागत गर्दै कर्मचारीमार्फत समाचार लेखाएर अनलाइनहरुमा भाइरल बनाउनुभएको थियो । सडक विस्तारको आवश्यकतालाई पीडित पक्षले समेत स्वीकारेका छन् । उनीहरुले आवश्यक मुआब्जाको माग गर्दै आएका छन् ।



## सम्पादकीय

# उद्धारसँगै पुनस्थापना आवश्यक

हेटौंडा उपमहानगरपालिकालाई आगामी मंसिरभित्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारी भइरहेको छ । बालमैत्री घोषणाका लागि पूरा हुनुपर्ने ५१ वटा सूचकमध्ये बाल संरक्षणसम्बन्धी सूचकहरु चुनौतीपूर्ण देखिएका छन् । बाल संरक्षणभित्र पनि उपमहानगरपालिकालाई बालश्रममुक्त बनाउनु थप चुनौतीपूर्ण देखिएको हो । बालश्रम अन्त्यका लागि विभिन्न क्षेत्रमा प्रयोग भइरहेका बालश्रमिकको उद्धार गर्ने कार्यलाई तिब्रता दिइएको भए पनि उद्धारको कार्य बालुवामा पानी हालेसरह भएपछि उपमहानगरपालिका क्षेत्रबाट बालश्रम अन्त्य गर्न जटिल बन्दै गएको हो । उद्धार गरेर घर पठाइएका बालबालिका बाल अधिकारबाट वञ्चित हुनुपरेको र पुन: श्रममा आउने सम्भावना रहेका कारण उद्धारको काम प्रभावकारी बन्न नसकेको हो । श्रमिक बालबालिकाको उद्धार गरी अभिभावकलाई जिम्मा लगाउने काम उपमहानगरपालिका र अन्य सम्बद्ध संघसंस्थाले गरे पनि ती बालबालिकाको आधारभूत आवश्यकता र संरक्षणमा ध्यान दिनुपर्ने देखिएको छ ।

हेटौंडा उपमहानगरपालिकाले गत बैशाखदेखि साउनसम्म १८ वर्षभन्दा मुनिका ११ जना बालश्रमिकको उद्धार गरेको छ । ती बालबालिकालाई वर्कशप, होटल, घरेलु कामदार र सडकमा अपलपत्र परिरहेको अवस्थामा उद्धार गरिएको हो । यसरी बालबालिकालाई श्रममा लगाउने रोजगार दातालाई सचेत बनाउने र जरिवाना तिराउने कार्य पनि गरिएको छ । ७ जना बालबालिकालाई ट्र्याक्टर चलाउने र गिट्टी/बालुवा लोड अनलोड गर्ने काममा लगाएकोमा सम्बद्ध रोजगारदातालाई जरिवाना गरिएको थियो । बालश्रमिक उद्धार गरेर अभिभावकको जिम्मा लगाउने गर्दैमा बालश्रम अन्त्य हुने सम्भावना छैन । यसरी उद्धार गरिएका बालबालिकाको पारिवारिक अवस्था अध्ययन, विश्लेषण गरेर उनीहरुको पुनस्थापनामा सघाउनुपर्ने हुनसक्छ । बालबालिका श्रममा किन आए ? श्रमबाट फर्किएपछि उनीहरु के गर्दछन् ? भन्ने प्रश्नको उत्तर खोजेर त्यसको समाधान नगरेसम्म बालश्रम अन्त्य गर्न सहज देखिँदैन । उद्धार गरेर घर पठाइएका श्रमिक बालबालिका फेरि फर्केर श्रम गर्न आउने गरेको भेटिनुले उद्धारले मात्रै बालश्रम अन्त्य नहुने निश्चित छ ।


बालश्रम जटिल सामाजिक समस्या भएकाले यसको अन्त्य आवश्यक छ । बालश्रमकै कारण बालबालिका शिक्षा तथा अन्य अधिकारबाट वञ्चित छन् । हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री घोषणा गर्नमात्र नभई समुन्नत समाज निर्माणका लागि बालश्रम अन्त्य हुनैपर्छ । तत्कालीन हेटौंडा नगरपालिकालाई २०७३ सालमै बालश्रममुक्त घोषणा गर्ने तयारी भएको थियो । ११ वटा वडा रहेको तत्कालीन हेटौंडा नगरपालिकालाई बालश्रममुक्त घोषणा गर्न बालश्रमको समस्या बढी रहेका केही वडाहरुलाई बालश्रममुक्त घोषणा पनि गरिएको थियो । त्यसबेलाको अभियानले बालबालिकालाई श्रमिकको रुपमा राख्ने परिपाटीमा कमी आएको भए पनि बालश्रम अन्त्य भएको छैन । जनचेतना फैलाउँदा र बालश्रमिकको उद्धार गरी रोजगारदातालाई कानुनी कारबाही गर्दा पनि बालश्रम अन्त्य हुन नसक्नुले उद्धारले मात्रै बालश्रम अन्त्य नहुने प्रष्ट पारेको छ ।

बालश्रम अन्त्य गर्न सबैको साथ र सहयोग आवश्यक पर्दछ । गरिबी, अभाव तथा अन्य कारण बालबालिका श्रममा संलग्न छन् । कतिपय अवस्थामा अभिभावकले नै बालबालिकालाई श्रममा लगाउने गरेका छन् भने कतिपय अवस्थामा बालबालिका स्वेच्छाले बालश्रम गरिरहेका छन् । देशको संविधानदेखि ऐन, कानुन, नीति, नियम सबैले बालबालिकालाई शारीरिक र मानसिक असर पर्ने गरी श्रममा लगाउन निषेध गरेको छ । तर, औपचारिक र अनौपचारिक क्षेत्रमा बालबालिका श्रम गर्न बाध्य देखिएका छन् । सरकारी तथा गैरसरकारी संस्थाहरुको प्रयासबाट समयसमयमा अनुगमन गरेर बालबालिकालाई श्रमस्थलबाट उद्धार गरेर अभिभावकको जिम्मा लगाउने गरिएको भए पनि उनीहरु फेरि अर्को ठाउँमा श्रम गर्न बाध्य हुनुपर्ने अवस्था रहुञ्जेल बालश्रम अन्त्य सम्भव हुँदैन । बालश्रमिको उद्धारसँगै उनीहरुको अधिकार सुनिश्चित बनाउँदै पारिवारिक पुनस्थापनाको ग्यारेन्ट गर्न नसक्दासम्म बालश्रम अन्त्य गर्न चुनौतीपूर्ण देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक र पुण्य काममा सरिक भइने समय छ । |
| वृष | : पढाई – लेखाई अलपत्र बन्ने समय योग छ । |
| मिथुन | : हठ र जिद्धी गर्ने बानी त्याग गर्दा राम्रो हुन्छ । |
| कर्कट | : व्यापार–व्यवसायका कामहरु मध्यमकारक । |
| सिंह | : महत्वकांक्षामा समय व्यतित हुने समय छ । |
| कन्या | : आफन्तले विश्वासघात गर्ने समयको योग छ । |
| तुला | : पढाई– लेखाईका काममा मन जाने समय छ । |
| वृश्चिक | : सामाजिक र राजनैतिक तनाव बढ्ने समय छ । |
| धनु | : पढाई– लेखाईका कामहरुमा असर पर्न सक्छ । |
| मकर | : सामाजिक र परोपकारजन्य काममा विजय प्राप्त होला । |
| कुम्भ | : मुद्धा– मामिलाका कामहरुबाट विजय प्राप्त होला । |
| मीन | : अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त होला |

# विसंगति उन्मूलनले तीव्रता पाओस्



✍प्रा.डा. हरि शर्मा

हाम्रो देशको आकाशभरि काला बादल मडारिइरहेका छन् । ठाउँठाउँमा प्रकृतिको रौद्र रूप देखिन्छ । जनधनको क्षतिको क्रम बढिरहेको छ । राजनीतिक विकृति र विसंगतिहरूको धूवाँभित्र यहाँका मानव सकसपूर्ण जीवन बाँच्न बाध्य छन् । विगतमा कहिलेकाहीँ तिनै काला बादलमा पनि चाँदीका रेखा देखिन्थ्यो ।

मनभित्र आशाका पालुवाहरु फुल्थे– भोलिको नेपालका सम्भावनाहरूको जरो बलियो हुँदै गइरहेको आभासमा हृदय प्रफुल्लित हुने गर्थ्यो । अहिलेको वातावरण विषाक्त छ । काला कर्तुतहरुको बिगबिगीले सर्वसाधारण नागरिकको जिजीविषा धरापमा परेको अवस्था छ । जनताले राज्यलाई तिरेको कर सदुपयोग भएको विरलै देखिन्छ । तथ्यांकले जे देखाए पनि वास्तविकतालाई अस्वीकार गर्ने परिवेश नै कहाँ रह्यो र !

देशको कुनै पनि क्षेत्र समग्रमा सन्तोषजनक नरहेकै देखिन्छ । मेचीदेखि महाकालीसम्म छ्यापछ्याप्ती फैलिएको अनगिन्ती विसंगतिहरूको उराठलाग्दो परिदृश्यले कुन सच्चा नेपाली जनताको आत्मा नदुखेको होला ? राज्यलाई जति नै कर बुझाए पनि त्यसको बदलामा राज्यले जनताको हित र कल्याण हुने के नै उल्लेखनीय काम गरेर देखाएको छ ? राजस्व नै बुझाउँदा पनि ८ हजार तिर्नुपर्ने ठाउँमा ३३ हजार नबुझाए सरकारी अड्डाहरुमा मुचुल्का नै खोजिँदैन अथवा भेट्टाइँदैन । अनुशासनहीनताले राष्ट्रसेवकहरुलाई अमानवीयतातर्फ खिचेको छ र सुशासन एवं दण्डहीनताको दुहाई दिनेहरु भ्रमवादी लगाम तान्दै देशलाई दिशाहीनतातर्फ उन्मुख गराइरहेका छन् । विसंगतिहरुको पनि सीमा हुन्छ । भेडाबाखाहरूले झैँ कराउँदै, चिच्याउँदै हामी देशवासी देशका मूर्धन्य राजनीतिज्ञहरू तथा उनैले परिभाषित गरेका सुकिलामुकिला जनहरू आँखामा स्वयं कालोपट्टी बाँधेर कुनै हीनताबोध नगरी त्यो सीमा नाघिरहेका छौं, हैन र ?

राज्यको अर्थतन्त्रको संवेदनशीलता बडो विचित्रको छ । स्वर्गसरिको सुखद अनुभवमा जीवन इन्द्रकमलजस्तै फुलाउन र चातुर्दिक समृद्धिको मगमग फैलाउन र राज्यलाई उन्नतिको शिखरसम्म पुर्याउन सघाउने यही अर्थतन्त्र हो । त्यसैले यसलाई राज्यको मेरुदण्ड मानिएको छ । त्यही अर्थतन्त्रले राज्यलाई हिंसा, हत्या, भ्रष्टाचार, अनैतिकता, अकर्मण्यता, आदर्श एवं लक्ष्यहीनताको गहिरो गन्हाउने दलदलमा डुबाउँछ । औकात बोकेका दुराचारीहरूलाई सधैं सत्तामा सघाउँछ । विश्वको वर्तमान अर्थतन्त्रको इतिहासले उपर्युक्त दुवै कुरा प्रस्टसँग प्रस्तुत गरेको छ ।

हामी आमनागरिकका निम्ति समाचारको स्रोत भनेका हाम्रा पहुँचका मुलुकभित्रका अथवा बाहिरका सञ्चार माध्यम र नेपाली सामाजिक सञ्जाल नै हुन् । हालसालै सुन्नमा आएका एक अर्बभन्दा बढी मोलका सय केजी सुनकाण्डबारेका समाचारहरु सरल नभई किन वक्र गतिमा सम्प्रेषित रहेका छन् भन्न सकिँदैन । सुन फेला पर्यो, जोख्न ने.रा.बैं.मा पठाइयो, केका बोक्रा मात्रै भेट्टियो, सुनै रहेनछ, सुनकाण्डका गिरोह फेला परे, एक चिनियाँ एक भारतीय, त्यस्तै, यस्तै देशको अर्थतन्त्रलाई बुच्चो बनाउने यस्ता काण्डहरु, जसको हाल चलिरहेको अनुसन्धान (हामी विश्वस्त छौं) सरकारका सम्बन्धित निकायहरुद्वारा भइरहेको छ– त्यसबारे अनुसन्धानको टुंगोमा नपुगेसम्म गृहबाट आधिकारिक विज्ञप्तिका रुपमा दैनिक जानकारी गराइनु जरुरी छ ।

अहिले त चोरका खुट्टा चोरैले मात्र देखिरहेको अवस्था छ । जनताले देख्नु त परैको कुरा हो । यस्तै भइरह्यो भने न्यायालयले पनि देख्नेछैन । चौथो अंगले स्टन्टलाई भन्दा यथार्थतर्फ दृष्टिगोचर गर्दै सत्यतथ्यलाई सम्प्रेषण गर्नुपर्ने नेपाली जनताको भनाइ छ । देशले कुनै पनि काममा आफ्नो गतिशीलता गुमाउँदै गइरहेको छ । सरकारले प्रतिबद्धित प्राथमिकता बिर्संदै गइरहेको छ । बजारको चर्को मूल्यवृद्धि नियन्त्रण तथा नियमन, उत्पादकत्व वृद्धि, किसानहरूलाई प्रदान गरिनुपर्ने राहत र हैंसे, शिक्षा क्षेत्रमा ल्याइने सुधार, ज्येष्ठ नागरिक तथा एकल महिलाहरूका लागि नि:शुल्क स्वास्थ्योपचार, एक पालिका एक उत्पादनजस्ता जनहितैषी कार्यक्रमहरु नेताहरुको खुराफाती दिमागबाट हराइसके । पर्यटन दशक र पर्यटन विकासका दीर्घ योजनाहरुले बाटो बिराइसके । हवाई टिकटमा भ्याट (मूल्य अभिवृद्धि कर) र स्तरीय होटेलहरूमा विलासिता करको भार थपेर स्वदेशी व्यवसायीहरुलाई हतोत्साहित बनाउने काम भएको छ ।

पर्यटन व्यवसायीहरुको ज्येष्ठ संस्था नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले त सरकारविरुद्ध अदालतमै मुद्दा दर्ता गरिसकेर तत्कालका लागि आन्तरिक आदेश पाए तापनि डुंगा कता गइरहेछ, अनिश्चित छ । विदेशी पर्यटक वा अन्य भ्रमणकर्ताहरुले आफ्नै मुलुकबाट विद्युतीय टिकट खरिद गरेर यात्रा गर्न प्रारम्भ गरिसकेका छन् । त्यतिमात्र कहाँ हो र ! भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दयनीय अवस्थाले हामीले अनाहकमा ऋण त बोक्यौं नै । निजी क्षेत्रका स्थानीय व्यवसायीहरुको अर्बौंको लगानी डुबिरहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सामान्य रुपमा लिएको देखिन्छ । नेपाल वायुसेवालाई युरोपियन युनियनको कालोसूचीबाट हटाउने कुनै अर्थपूर्ण प्रयास भएजस्तो लाग्दैन । स्पष्ट हुनुपर्यो, हाम्रा विमानस्थलहरु हाम्रै हुन् अथवा अरुका लागि निर्मित हुन् । काठमाडौंका मेयरले सहरलाई सांस्कृतिक सहरमा रुपान्तरण गर्न त सफल भए, तर खोइ हाम्रो सांस्कृतिक सहरको संरक्षण र प्रवर्धनमा सरकारको चासो !

सडकमा हजारौं थरीका सवारी साधन गुड्छन् । तिनको सुव्यवस्थाका लागि ट्राफिक प्रहरी मौन किन ? के महानगरपालिकाले नै छुट्टै ट्राफिक प्रहरी खडा गर्नुपर्ने हो ? कालो धूवाँ फाल्ने सरकारी सवारी साधनहरू निष्फिक्रीका साथ सेतो/पहेंलो नम्बर प्लेट लिएर सहरमा प्रदूषण फैलाइरहेछन् । सीमित अपवादबाहेक राजधानीका धेरैजसो सडकले आफ्नो मर्मत-सुधारको समय पर्खिरहेको महसुस हुन्छ । हाम्रा सडकहरूले थाम्न नसक्ने गरी मोटरसाइकल (भटभटे), स्कुटी र हजारौं अन्य सवारी साधन दिनहुँ आयात भइराखेका छन् । आर्थिक मन्दी छाइरहेको र व्यावसायिक जगत्ले आफ्नो सटर बन्द गरिरहेको अवस्थामा आर्थिक गतिशीलतालाई वृद्धि गर्न र सरकारी तहबाट योजनाहरू आउनुपर्ने होइन र ? के राजस्व संकलन गर्ने मात्रै सरकारको उद्देश्य हो ? जनताप्रतिको राज्यको उत्तर दायित्व कसले पूरा गर्नुपर्ने हो ? सत्तासीन सरकारले वा प्रतिपक्षमा बस्नेहरुले ? वा स्थानीय सरकार या पालिकाले ?

गणतन्त्रका नाममा हाम्रो सरकारी गाईजात्रा पनि एउटा नमुना नै बनेको छ । सेवाग्राहीलाई सरकारी टेबुल चहार्दै दिन जान्छ । सरकारी कर्मचारीहरुमा सेवामुखी प्रवृत्ति शून्य छ । चाकडी, चाप्लुसी र नोकरशाही प्रवृत्तिले हाम्रो कर्मचारीतन्त्र गन्हाउने गरी गिजोलिएको छ । भोलि सरकारले नेपाली समाजमा सुधारका कार्यक्रम (जस्तै– पञ्चायतकालमा तत्कालीन गृहमन्त्रीले विवाह आदिमा तडकभडक नदेखाउन र ५० जनाभन्दा

...बाँकी पृष्ठ ३ मा

# प्राङ्गारिक कृषि : बढ्दो रुचि, फैलँदो व्यवसाय



✍गोविन्द शर्मा

कृषि बालीमा रासायनिक विषादीको दुरुपयोग बढेर स्वास्थ्य तथा वातावरणमा त्यसका नकारात्मक असरहरु देखिंदै जाँदा संसारभरि नै प्राङ्गारिक कृषिको माग बढ्न थालेको छ । प्राङ्गिक परिभाषा केही जटिल भए पनि सरल रुपमा चैं रासायनिक मल तथा विषादिहरुको प्रयोग नगरी गरिने खेतीलाई प्राङ्गारिक खेती र त्यस्तो खेतीबाट आएका उत्पादनहरुलाई प्राङ्गारिक उत्पादन भनिन्छ ।

यसलाई अलिक फराकिलो रुपमा बुझ्दा हानिकारक मल, बीउ, विषादी, सामग्री र व्यवहारहरुको प्रयोग नगरिकन सकेसम्म प्राकृतिक र स्थानीय स्रोतसाधनको प्रयोग गरेर गरिने कृषि प्राङ्गारिक कृषि हो । कुन कुन सामग्री तथा व्यवहारहरु के-कति हदसम्म हानिकारक मानिने भन्ने कुरा त्यस ठाउँको प्राङ्गारिक मापदण्डले निर्धारण गरेको हुन्छ ।

संसारका अधिकांश देशहरुमा आ-आफ्ना प्राङ्गारिक मापदण्डहरु छन् । कतिपय देशहरुमा भने यस्ता मापदण्ड लागू गरिएका छैनन् पनि । नेपालले यस सम्बन्धी आफ्नो मापदण्ड २०६४ सालमा तयार गरेको थियो ।

बुझाइ र अभ्यासमा प्राङ्गारिक कृषि, पर्यावरणीय कृषि, पर्माकल्चर, प्राकृतिक कृषि, बायो डाइनामिक कृषि, वैदिक कृषि इत्यादिका बीच केही पृथकताहरु अवश्य छन् तर सबैका उत्पादनहरु बजार या भान्सामा पुग्दा प्राङ्गारिक नै भनिन्छ । वैकल्पिक कृषिका विभिन्न विधामध्ये प्राङ्गारिक कृषि सबैको साझा विन्दु बनेको छ ।

२०२३ सालमा कृषि सामग्री संस्थानको स्थापना भएपछि नेपालमा आधिकारिक रुपमा रासायनिक मल ल्याउन र प्रयोग गर्न थालिएको हो । त्यसअगाडि लगभग नेपालको सबै क्षेत्र प्राङ्गारिक थियो । यद्यपि अनुसन्धान प्रयोजनका लागि भनेर २००७ तिरबाट नै थोरै रुपमा मल ल्याउने गरिएको थियो ।

विषादीको प्रवेश चैं २०१३ सालमा औलो उन्मूलनका लागि डीडीटी ल्याएसँगै भएको हो । विषादी प्रयोगको व्यापकता चाहिं लगभग २०४० को दशकबाट भएको हो । झारनाशक विषादीको प्रयोग भने सत्तरीको दशकबाट व्यापक हुन थालेको देखिन्छ ।

हाल नेपालमा लगभग ७०० टन रासायनिक विषादी र ५ लाख टन रासायनिक मलको खपत भइरहेको छ । प्रयोगको मात्राको हिसाबले अरु धेरै देशको तुलनामा यो कम हो तर प्रयोगको तरिकाको हिसाबले हाम्रो अवस्था धेरै खतरनाक देखिन्छ ।

संसारमा १९६६ देखि नै भयावह देखिएको रासायनिक मल तथा विषादीको असर नेपालमा चैं बढोत्तरी हुन नपाओस् भन्ने हेतुले यहाँ प्राङ्गारिक कृषि प्रवर्धनको संस्थागत प्रयास २०४३ सालमा इन्सान नामक संस्थाबाट सुरु भएको थियो । नेपाल सरकारले आन्तरिम कृषि नीति २०६३ बाट प्राङ्गारिक कृषिको महत्वलाई स्वीकार गर्न थाल्यो । अहिलेको अवस्थामा तीनै तहका सरकार तथा लगभग १७८ गैरसरकारी संस्थाहरु नेपालमा प्राङ्गारिक कृषि प्रवर्धन गर्न थोरबहुत योगदान गरिरहेका छन् ।

नेपालमा प्राङ्गारिक कृषिको अवस्था अध्ययन गर्न २०६२, २०७१, २०७९ मा राष्ट्रिय सर्वेक्षण भएका थिए । तीमध्ये अघिल्ला दुई सर्वेक्षणमा प्राङ्गारिक कृषि सम्बन्धी समुदायको धारणा र यसको समग्र अवस्थामा बढी जोड दिइएको थियो भने २०७९ मा चाहिं यस सम्बन्धी तथ्याङ्क संकलनमा नै पूरा ध्यान केन्द्रित गरिएको थियो ।

सर्वेक्षण अनुसार नेपालमा परिवर्तित र परम्परागत गरेर २ लाख ५ हजार कृषकको ४४ लाख रोपनी जमिनमा प्राङ्गारिक खेती भइरहेको छ। यो भनेको हाम्रो कुल कृषि जमिनको ६.५ प्रतिशतको हाराहारी हो । यो अनुपातमा प्राङ्गारिक कृषि क्षेत्रफल भएका देशहरु संसारमा कमै मात्र छन् । भौगोलिक रुपमा कर्णाली प्रदेशमा सबैभन्दा धेरै प्राङ्गारिक कृषि क्षेत्र छ भने मधेश प्रदेशमा सबैभन्दा कम छ । व्यावसायिक प्राङ्गारिक कृषि चाहिं कोशी, बागमती र गण्डकी प्रदेशमा बढी छ ।

बालीगत रुपमा हेर्दा चिया, कफी, जडीबुटी र स्याउको हिस्सा बढी छ भने पशुजन्य उत्पादनमा प्राङ्गारिक र अप्राङ्गारिकको खासै बारना गरेको देखिएन । समग्रमा नेपालमा परम्परागत प्राङ्गारिक कृषिको क्षेत्र घट्दै गएको भए पनि व्यावसायिक प्राङ्गारिक कृषिको क्षेत्रफल बढ्दै गएको छ ।

प्राङ्गारिक कृषि गर्ने ५ हजार ४९५ कृषकको १ लाख ९० हजार ९०० रोपनी जमिन प्राङ्गारिक प्रमाणीकरण भएको तथ्यांक उपलब्ध भएको छ । आर्थिक रुपमा लगभग ७८ लाख रुपैयाँ बराबरका विभिन्न प्राङ्गारिक विषादिहरु आयात हुँदा १८ करोड ७० लाख रुपैयाँ बराबरका चिया, कफी, जडीबुटी लगायत विभिन्न प्राङ्गारिक उपजको निर्यात भएको देखिन्छ ।

१४ करोड रुपैयाँ जतिको कारोबार आन्तरिक बजारमा भइरहेको अनुमान छ । यसबाहेक पनि परम्परागत प्राङ्गारिक क्षेत्रका अन्य थुप्रै उत्पादन प्राङ्गारिक शब्द प्रयोग नगरिकनै अनौपचारिक बजारमा बिक्री भइरहेका छन् । तिनको लेखाजोखा अहिले गरिसकिएको छैन, अब छिट्टै गर्नुपर्नेछ ।

उर्बर जमिन आवासीय क्षेत्रमा परिणत भएर खेती विकट ठाउँतिर खुम्चिंदै जानु; गैरकृषि क्षेत्रको मुनाफा दर बढी हुनाले कृषिमा श्रमिकको व्यापक अभाव हुनु, भूक्षय र बजारमा आयातित सस्ता कृषि उपजको बढ्दो उपलब्धताका कारण रुचि हुँदाहुँदै पनि प्राङ्गारिक कृषकहरुलाई यसमा टिकिरहन मुस्किल परिरहेको छ । रासायनिक मलमा अर्बौं रुपैयाँ अनुदान खन्याउने राज्यले प्राङ्गारिक मलको उपलब्धता सहज बनाउन र गुणस्तर सुधार गर्न ठोस नीति अवलम्बन गर्न सकेको छैन ।

यति हुँदाहुँदै पनि लगभग हरेक तहका सरकारका योजनामा प्राङ्गारिक कृषि सम्बन्धी केही न केही कार्यक्रम हुनु, १७८ को हाराहारीका गैरसरकारी संघसंस्था यसको प्रवर्धनमा लाग्नु, निजी क्षेत्रको बढ्दो सहभागिता, उपभोक्ताहरुको उत्साहबर्धक प्रेरणा, थपिंदै गएका प्राङ्गारिक बजार केन्द्रहरु इत्यादिका कारण विगतको तुलनामा अहिलेको समयलाई प्राङ्गारिक प्रवर्धनको सहजकाल नै भन्न सकिन्छ ।

यसलाई पर्या-पर्यटनसँग जोड्ने, प्रमाणीकरण सेवा सहज बनाउने, आन्तरिक बजार केन्द्रहरु स्थापना गर्ने र निर्यात बजारका लागि कूटनैतिक पहल गर्ने हो भने प्राङ्गारिक कृषिले नेपालको खाद्य सुरक्षा, पर्यावरण सन्तुलन र आर्थिक विकासमा राम्रो टेवा दिन सक्दछ ।

*लेखक हसेरा एग्रिकल्चर रिसर्च एण्ड ट्रेनिङ सेन्टरसँग आबद्ध छन् । (स्रोत: अनलाईनखबर)*

# स्तनपानबारे सकारात्मक धारणा विकास भएको छ

स्तनपानलाई अमृतपानको रुपमा व्याख्या गर्ने गरिएको छ । नवजात शिशुले ६ महिना आमाको दुध बाहेक अरु केही खानु नपर्ने चिकित्सकको भनाइ छ । त्यसपछि पनि २ वर्षसम्म अन्य खाद्यपदार्थसँगै शिशुलाई निरन्तर आमाको दुध खुवाउने गरिन्छ । स्तनपानका विषयमा केही भ्रमहरु पनि छन् भने स्तनपानको सन्दर्भमा सुत्केरी महिला र परिवारले धेरै कुरा थाहा पाउनु जरुरी हुन्छ । अहिले विश्व स्तनपान दिवस चलिरहेको छ । अगस्ट महिनाको १ तारेखदेखि ७ तारेखसम्म विश्व स्तनपान सप्ताह मनाइन्छ । स्तनपान सप्ताहकै अवसरमा स्तनपानसम्बन्धी सचेतना, गलत धारणा र ध्यान दिनुपर्ने विषयमा समाज संवाददाता आरजु सत्यालले हेटौंडा अस्पतालको प्रसुती वार्डमा कार्यरत अनमी सविता पौडेलसँग गर्नुभएको कुराकानी:



**सविता पौडेल**
**अनमी, हेटौंडा अस्पताल प्रसुती वार्ड**

*समाजः हेटौंडा अस्पतालमा विश्व स्तनपान सप्ताह कसरी मनाइँदै छ ?*

**पौडेल**: हामीले सुत्केरी महिलाहरूलाई एक ठाँउमा राखेर स्तनपान सम्बन्धी सबै परामर्शहरु गराएर, उहाँहरुलाई यसबाट हुने फाइदा र बेफाइदाको बारेमा जानकारी गराएका छौं । साथै सरसफाइसम्बन्धी परामर्श गराएर सबै महिला दिदिबहिनीहरुलाई एक ठाउँमा जम्मा गरेर स्तनपान गराउने तरिका सिकाएर स्तनपान दिवस मनाउँदै छौं ।

*समाजः हेटौंडा अस्पतालसँगै मकवानपुर जिल्लामा स्तनपान सप्ताह कसरी मनाइँदै छ ?*

**पौडेल**: हेटौंडा अस्पतालसँगै मकवानपुर जिल्लामा अन्य ठाउँमा जहाँ प्रसुतीगृह छ त्यहाँ हामीले बुढ्दा सुत्केरी महिलालाई परामर्श दिएर यसको फाइदा, बेफाइदाबारे जानकारी गराएर, आमा तथा बच्चालाई हुने फाइदाहरुको बारेमा बताएर यसको सप्ताव्यापी कार्यक्रम भइरहेको छ ।

*समाजः स्तनपान गराउने महिलाहरुलाई के सुझाव दिन चाहनुहुन्छ ?*

**पौडेल**: स्तनपान गराउने महिलाहरुलाई सर्वप्रथम हामीले बच्चा जन्मेको एक घन्टा भित्र स्तनपान गराइहल्नु पर्ने हुन्छ । त्यसपछि नवजात शिशुलाई स्तनपान गराउने कार्यलाई निरन्तर जारी राख्नु पर्छ । ६ महिनासम्मका बालबालिकालाई स्तनपान मात्रै गराउनुपर्छ । स्तनपानले चाहिँ बच्चाहरूमा एकदम क्षमता बढाउँछ, शक्तिशाली बनाउँछ र खोपको पनि काम गर्छ । स्तनपान गराउनाले आमालाई पनि यसले त्यतिनै फाइदा हुन्छ । आमाको रक्तस्रावलाई रोक्दछ । अरु रोगहरु जस्तो स्तनक्यान्सरको जोखिम पनि न्युन हुन्छ । पर्याप्त स्तनपानले शिशुलाई शारीरिक र मानसिक दुवैरुपमा शक्तिशाली बनाउँछ । आमाको दुध खाएजस्तो गाइभैंसीको दुध खाएर बच्चाले शक्ति प्राप्त गर्न सक्दैन ।

*समाजः मकवानपुरमा पहिला भन्दा अहिले स्तनपान गराउने विषयमा कतिको सुधार आएको छ ?*

**पौडेल**: पहिला चाहिँ बोतलका दुध खुवाउन सुत्केरी महिला र परिवारका अन्य सदस्यले पनि बढी ध्यान दिन्थे । अहिले हाम्रो परामर्शले गर्दा स्तनपान कार्यक्रमले गर्दा बोतलको दुध खुवाउन नपर्ने, नहुने, एकदमै जटिल अवस्थामा मात्र बोतलको दुध खुवाउने गरेको पाएका छौं ।

*समाजः कस्तो अवस्थामा महिलाले स्तनपान गराउन मिल्दैन ?*

**पौडेल**: आमा अचेत अवस्थामा, बेहोस अवस्थामा, आमालाई छारे रोग लागेको अवस्थामा स्तनपान गराउन मिल्दैन । कुनै अवस्थामा सुत्केरी भए तापनि आमा सक्षम छैन भने स्तन वरिपरि घाउ भएको छ भने बच्चालाई दुध खुवाउन मिल्दैन ।

*समाजः कति समयसम्म स्तनपान मात्रै गराउनु पर्छ ?*

**पौडेल**:बच्चा जन्मेको १ घन्टादेखि बच्चाको उमेर ६ महिना पुग्दासम्म दिनमा ८ देखि १० पटक आमाको दुध बाहेक अरु केहि पनि खुवाउनु पर्दैन । यसलाई पूर्णस्तनपान पनि भनिन्छ । अथवा बच्चाले माग गरेअनुसार दुध खुवाउनु पर्छ । यो अवधिलाई पूर्णस्तनपान अवधि पनि भनिन्छ ।

*समाजः एचआइभि संक्रमित महिलाले स्तनपान गराउन हुन्छ कि हुँदैन ?*

**पौडेल**: पहिला-पहिला चाहिँ आमाको दूधबाट बच्चामा एचआइभि सर्ने भन्ने थियो । त्यो चाहिँ बिरलै हुन्छ भने पछिल्लो समयमा संक्रमित महिलाले पनि स्तनपान गराउनुपर्ने नै हुन्छ ।

*समाजः अहिलेको समयमा पनि धेरै मानिसमा स्तनपान बारे भ्रम देखिन्छ । यो बारेमा तपाई के भन्न चाहनुहुन्छ ?*

**पौडेल**: यसमा कुनै पनि बाहिरी कुरा नसुनी र नसोचिकन बच्चा जन्मेपनि सुत्केरी महिलाको आफ्नो एउटा चाहना पनि हुन्छ । यो समयपछि फेरि आउँदैन, यो बेला चाहिँ आमाको दूध बच्चालाई खुवाएन भने पछि बच्चाले दूध नचुस्ने, अरु बोतल फिडिङ गर्न खोज्ने, आमाको दूध गाल्लिने, पछि गएर चिर्न पर्ने अवस्था आउन सक्छ । त्यही भएर बच्चा जन्मेको १ घन्टामा दूध खुवाउनुपर्छ । होइन भने बच्चाले दूध चुस्न सक्दैन, जन्दैन बोतल दुधको माग गर्छ र आमा तथ बच्चालाई असर गर्छ । सुत्केरी महिलाले निरन्तर आफूले पनि पोषिलो खानेकुरा खाएर आफ्ना बच्चालाई स्तनपान गराउनुपर्छ ।

## पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई ३ वर्ष जेल सजाय

# लाहोरबाट पक्राउ परे खान



काठमाडौंः पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई ३ वर्ष जेल सजाय भएको छ । इस्लामाबाद ट्रायल कोर्टले शनिबार पाकिस्तान तेहरिक-इ-इन्साफ (पिटिआइ) का अध्यक्ष रहेका खानलाई भ्रष्टाचार आरोपमा तीन वर्ष जेल सजाय सुनाएको द डनले जनाएको छ । तोशाखाना केसमा उनलाई तीन वर्ष जेलसँगै एक लाख रुपैयाँ जरिवाना पनि तोकिएको छ ।

सुनुवाइको क्रममा अतिरिक्त जिल्ला न्यायाधीश (एडिएसजे) हुमायुन दिलावरले पूर्वप्रधानमन्त्री खानविरूद्धका आरोप पुष्टि भएको बताएका थिए । 'इमरान खानले पाकिस्तानको निर्वाचन आयोगलाई नक्कली विवरणहरू दिएका थिए र भ्रष्ट अभ्यास गरेकोमा उनी दोषी देखिएका छन्,' उनले भने । खानलाई निर्वाचन कसुरको धारा १७४ अन्तर्गत दोषी ठहर गरेको डनले जनाएको छ ।

यस प्रकरणमा अदालतले दोषी देखाउँदै ५ वर्ष राजनीति गर्न पनि प्रतिबन्ध लगाएको हिन्दुस्तान टाइम्सले जनाएको छ ।

एडिएसजे दिलावरले आदेशको कार्यान्वयनको लागि प्रतिलिपि इस्लामावाद प्रहरी प्रमुखलाई पनि दिन भनेका छन् । पाकिस्तान प्रहरीले खानलाई लाहोरस्थित निवासबाट पक्राउ गरेको रोयटर्सले जनाएको छ । खानका वकिल इन्तजार हुसैन पन्जुथाले रोयटर्सलाई फोन गरी खान पक्राउ परेको जानकारी दिएका हुन् । सुनुवाइ सुरू हुनुअगावै अदालत परिसरमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो । इजलासमा पनि वकिलहरूलाई मात्रै प्रवेश दिइएको थियो । उक्त सुनुवाइ हुँदा खान अदालतमा उपस्थित थिएनन् । खानले आफू प्रधानमन्त्री हुँदा पाएका उपहारहरू अवैध तरिकाले बेचेको आरोप छ । जसलाई तोशाखाना प्रकरण भन्ने गरिएको छ । यस प्रकरणमा पाकिस्तानको निर्वाचन आयोगले खानविरूद्ध मे १०मा उजुरी दिएको थियो । स्रोतः सेतोपाटी ।

# सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहित ल्याइयो १६औं योजनाको अवधारणा

काठमाडौंः राष्ट्रिय योजना आयोगले आगामी माघ मसान्तभित्र १६औं पञ्चवर्षीय योजना प्रकाशन गर्ने गरी तयारी अघि बढाएको छ । योजना आयोगले १६औं योजनाको अवधारणा-पत्र तयार गर्दै आगामी कार्ययोजनाको तालिका निकालेको हो । सुशासन, सामाजिक न्याय र समृद्धि ल्याउने सोचका साथ तयार गरिएको अवधारणामा आगामी आयोजनाको लागि मुख्य तीन उद्देश्य राखिएको छ ।

राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु र मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु १६औं योजनाको प्रमुख उद्देश्य हो । विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरणमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने रणनीति १६औं योजनाले राख्ने राष्ट्रिय योजनाका आयोगका अधिकारीहरूले बताएका छन् ।

योजना कार्यान्वयन सम्बन्धमा सबै तह (संघ, प्रदेश, स्थानीय) र पक्ष (सरकारी, निजी, सहकारी, गैर सरकारी, विकास साझेदार तथा अन्य) का सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने, अध्ययन, अनुसन्धान तथा तथ्यमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने रणनीति बनाइएको छ ।

योजना तर्जुमाको क्रममा संघ, प्रदेश र स्थानीय तहमा आयोगको टोलीमार्फत संयुक्त रुपमा सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, विषय विज्ञ, विकास साझेदार र युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरिने बताइएको छ । छलफल तथा अन्तर क्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गरिँदै लगिनेछ र परिमार्जित मस्यौदालाई राष्ट्रिय विकास परिषदको बैठकमा प्रस्तुत गरिने आयोगले जनाएको छ ।

नेपालको संविधान, विद्यमान नीति तथा कानुनी व्यवस्था, दीर्घकालीन सोच २१००, चालु १५औं योजनाको मध्यावधि समीक्षा, राजनीतिक दलका घोषणापत्र, संघीय शासन प्रणालीको कार्यान्वयनको अनुभव, दिगो विकासका लक्ष्य र अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिको योजना, नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि-सम्झौता तथा प्रतिवद्धता र बदलिँदो विश्व परिवेशमा आधारित भइ समग्र तथा विषय क्षेत्रगत विकासका योजना तर्जुमा गरिने उल्लेख गरिएको छ ।

योजनाको अन्तिम दस्तावेजमा आगामी ५ वर्षभित्र हासिल गर्ने गरी विकासका समग्र सूचकका अतिरिक्त क्षेत्रगत सूचकको परिमाणात्मक लक्ष्य निर्धारण र सो प्राप्तिका लागि उपयुक्त रणनीति तथा प्रमुख कार्यक्रम प्रस्ताव गरिने बताइएको छ । १६औं योजना तर्जुमाको लागि जेठ अन्तिम साताबाट काम आरम्भ गरेको योजना आयोगले २०८० माघ मसान्तसम्म अद्यावधिक योजना प्रकाशन गर्ने गरी कार्यातालिका बनाएको छ । स्रोतः सेतोपाटी ।

## विसंगती उन्मुलनले...

बढी जन्ती ल्याउन नपाइने) ल्याउने आवश्यकता बोध गऱ्यो भने पनि त्यो कुन बिन्दुबाट प्रारम्भ गर्ने भन्नेमै अन्योलता आउने देखिन्छ । उदण्डताले समाज जर्जरित छ । मकै भुट्या हो, हाँडी फोरेको हैन भन्नेहरूको बाहुल्यता छ ।

केही दिनअघिसम्म नेपालले सच्चा नेता होइन, लेन्डुप दोर्जे नै पायो भनिन्थ्यो, अहिले आएर त्यो भाष्य फेरिएको छ । नेपाललाई रुवान्डा वा हाइटी बनाएर जनता जाए भाडमा भन्दै आफ्नो स्वार्थसिद्धिमा प्रतिस्पर्धात्मक चमत्कारिक उपलब्धिका लागि रोडम्याप बनाउन व्यस्त छन् । जनताका छोराछोरीमाथि लागेको आरोपको छिनोफानोका लागि मुद्दा अदालत पुग्छ– स्वनामधन्य नेता कहलाउँदाहरूको गम्भीर आरोप पनि फासफुस भएर हराउँछ । त्यो पुनः चर्चामा कहिल्यै नआउने विषय बनेर रहन्छ ।

कति विचलन ! हाम्रो तथ्यांक विभागले पनि गत जुलाईसम्मको कुनै कैफियत नराखी नेपाली प्रतिव्यक्तिको आय १३ सय ९९.०११ अमेरिकी डलर बताउँछ । जबकि नेपाल विश्वमै अतिकम विकसित मुलुकहरुको सूचीमा पर्छ । यहाँको कुल जनसंख्या सन् २०२३ सम्म (३ करोड ९ लाख २० हजार ३ सय २४) रहेकोमा त्यसको एकचौथाइ जनसंख्या गरिबीको रेखामुनि बाँच्न बाध्य छन् । धेरैजसो परिवार विदेशबाट आफन्तहरूले विप्रेषण गरेको रकममा आश्रित छन् । प्राकृतिक रूपले जति नै धनधान्य भए पनि हाम्रा ग्रामीण भेगका धेरै बासिन्दा गरिबीकै रेखामुनि छन् । तर, कर्मठ छन् । उनीहरूसँग खेतीयोग्य जग्गाजमिन नभए पनि जंगलबाट अरिंगालका गोला ल्याएर त्यसको लार्भाको व्यापार गर्छन् । कमाउँछन् । आयातित वस्तुमा उल्लेख्य कमी नआए तापनि नेपालले गर्ने निर्यातको अवस्था अहिलेको परिप्रेक्ष्यमा सन्तोषजनक रहेको देखिन्छ ।

उच्च मूल्यका वस्तु जस्तैः ऊनीको कार्पेट, धागो, कपडा, ठूलो अलैंचीको निर्यातबाट देशले यस वर्ष ९ अर्ब ६९ करोड पाएको छ र निर्यातमा यस वर्ष २५.३४ प्रतिशत वृद्धि हुनुलाई अर्थतन्त्रको सुधारतर्फ अत्यन्तै सकारात्मक संकेत मान्नुपर्छ । देश सबैलाई प्यारो हुन्छ । व्यक्तिगत प्रयासबाट सम्भव नहुने भए हामीले मिलेर निर्माण गरेको शासन प्रणालीमा आधारित सरकारको निर्माण गर्छौं । सरकार नीति निर्माता र त्यसको कार्यान्वयनमा उत्तरदायी निकाय हो, जनता नागरिक सर्वभौमसत्ता सम्पन्न भए पनि देशको सञ्चालन गर्न हाम्रै मतबाट निर्वाचित बहुसंख्यक जनप्रतिनिधिको बहुमत पाउने समूह (दल) ले सरकार गठन गर्छ र राज्य सञ्चालन गर्छ ।

यो प्रणाली विश्वभरि सर्वमान्य छ र धेरै देशले यसको अनुपालन गरिरहेका पनि छन् । दुर्भाग्यवश हामीकहाँ देश चलाउने भनेका अधिकांशको बहुमत दिगो राख्न नसकिएकै हो । मत विभाजित हुँदा सरकार पंगु बन्ने परम्परा एकदमै फस्टाएर गएको छ । अयोग्य, असक्षम र स्वार्थीहरू मिलेर गठबन्धन गर्ने, मोर्चा बनाउने र निर्लज्जतापूर्वक सरकारको पगरी पहिरिनेहरूको बाहुल्यताले देशलाई खोक्रो पारेको हो । यस्तो अवस्थामा शान्तिप्रिय जनता पनि निरुपाय हुनुपर्ने बाध्यता सृजित हुँदो रहेछ । राज्यका अंगहरूको क्रय-विक्रय हुँदो रहेछ । राज्यसँग सञ्चालनका संयन्त्रहरु शिथिल हुँदा रहेछन् । देशको पहुँचवालाहरुको ब्रह्मलुटले ठगी, तस्करी र भ्रष्टाचारले देशलाई एउटा असफल राष्ट्रको पंक्तितिर डोर्याउँदो रहेछ ।

अमेरिकी विदेश मन्त्रालयको हालै प्रकाशमा आएको एउटा प्रतिवेदनले नेपालको अर्थतन्त्रमा नकारात्मकताको वृद्धि हुनुपर्ने कारणहरुमध्ये चारवटा निम्न कारणहरुलाई स्पष्ट शब्दमा उल्लेख गरेको छ– १. राजनीतिक अस्थिरता, २. व्यापक भ्रष्टाचार, ३. झन्झटिलो कर्मचारीतन्त्र र ४. ऐन/कानुन कार्यान्वयनमा एकरुपताको अभाव । राजनीतिक स्थिरताका लागि सुशासनको उदाहरण बनेर देशको सवालमा सबै दलले मेरो गोरुको बाह्रै टक्का भन्न छोड्नुपर्छ ।

अहिले चलिरहेको 'अपरेसन' लाई जरैसम्म नपुगी टुङ्ग्याउनु देशका लागि अभिशापको पुनरावृत्ति मात्र भएको ठहरिनेछ । कर्मचारीको कसुर प्रमाणित भएमा उसलाई तुरुन्तै बर्खास्त गरी सबै सरकारी सुविधाबाट वञ्चित गरिनुपर्छ र अन्त्यमा, न्यायालयहरुप्रति अहिले उठेका जनबोलीहरुलाई ध्यानमा राखी न्यायालयहरुले न्याय सम्पादनमा कुनै पनि दबाबबाट प्रभावित नहुने उदाहरण बन्नुपर्छ । विसंगतिहरुले सीमा नाघ्न नपाउन् ! *(स्रोतः कारोबारदैनिक)*

# पीएचडी गर्दै बालेन

**काठमाडौंः काठमाडौं महानगर पालिकाका मेयर बालेन शाहले पीएचडी अध्ययनका लागि काठमाडौं विश्वविद्यालयबाट फेलोसिप पाएका छन् । बालेनले काठमाडौं विश्वविद्यालयको सिभिल इन्जिनियरिङ विभागबाट पीएचडी गर्न आवेदन दिएका थिए । विश्वविद्यालयले केयू रिचर्स फेलोसिपका लागि बालेनलाई छनोट गरेको हो ।**

**मेयर बालेनले फेलोसिपका लागि छनोट भएको भनी काठमाडौं विश्वविद्यालयले पठाएको पत्र सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गर्दै धन्यवाद दिएका छन् । बालेनले काठमाडौं विश्वविद्यालयका एसोसिएट प्रोफेसर डा. श्यामसुन्दर खड्काको मातहतमा रहेर पीएचडी गर्ने काठमाडौं विश्वविद्यालयले जनाएको छ ।**

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाइराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मकवानपुर फुटबल खेलको उर्वरभूमि

रोहित थापा क्षेत्री

हेटौँडाः मकवानपुर जिल्ला फुटबल खेल र खेलाडीका लागि उर्वर भूमि हो । जिल्लाका थुप्रै खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई मकवानपुरलाई फुटबल खेलाडीको उर्वर भूमि सिद्ध गरेका हुन् ।

मकवानपुर जिल्लाका ६ जना खेलाडी अहिले राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा छन् । जिल्लाका करिब ३० जना खेलाडीहरु विभिन्न 'ए' डिभिजन क्लबबाट खेलिरहेका छन् । जिल्लाका थुप्रै खेलाडी राष्ट्रिय टोलीमा समावेश भएर फुटबल खेल्दै आएका छन् । मकवानपुरका थुप्रै खेलाडीहरुले राष्ट्रियस्तरमा खेल्दै आएको मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय टिम तयार पार्न प्रारम्भिक सूचि तयार पारी गएको हप्तादेखि बन्द प्रशिक्षणमा राखेको छ ।

सन् २०२३ का लागि विभिन्न क्लबबाट खेलाडीहरु छनौट गरी करिब ३० जनालाई बन्द प्रशिक्षणमा राखेको उहाँले जानकारी दिनुभयो । मकवानपुर जिल्लाबाट फुटबल खेलाडी बनेर राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताबाट नेपालको नाम चिनाउने काम भइरहेको उहाले बताउनुभयो । मकवानपुर जिल्ला फुटबल संघले सम्भावित भविष्य बोकेका खेलाडीहरुलाई हौसलाका लागि एन्फाको क्यालेण्डरअनुसार खेल गतिविधि गरिरहेको महासचिव सुवेदीले जानकारी दिनुभयो । विभिन्न उमेर समूहका टिम छनौट गर्ने, प्रदेश तथा केन्द्रमा पठाउने, जिल्लाभित्रका खेलाडीहरुलाई जिल्ला लिग सञ्चालन गर्ने, स्कूलस्तरीय प्रतियोगिता गराउने गरेको उहाले बताउनुभयो ।

मकवानपुर जिल्लाका खेलाडीहरुले सिमरा गोल्डकप, राजर्षि जनक गोल्डकप, सर्लाही गोल्डकप, गोलबजार मेयर कपलगायत थुप्रै राष्ट्रिय प्रतियोगितामा आफ्नो प्रतिभा देखाउनुका साथै उत्कृष्ट प्रदर्शन गर्दै आएको उहाँले बताउनुभयो । छोटो समयको सूचनामै यू-१६ र यू-१९ छनोटमा थुप्रै प्रतिभावान खेलाडी उत्साहित रुपमा सहभागी भई छनौट भएको उहाँले जानकारी दिनुभयो ।

फुटबल खेलको विकासका लागि बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय तथा प्रदेश खेलकुद विकास परिषद्, जिल्ला समन्वय समिति मकवानपुर, जिल्ला खेलकुद विकास समिति, हेटौँडा उपमहानगरपालिकासहित सबै स्थानीय तहहरुले सहयोग गर्दै आएको उहाँले जानकारी दिनुभयो । खेलकुदले पढाई बिग्रन्छ भन्ने समाजको नकारात्मक सोचलाई हाम्रा खेलाडीको लगन र प्रतिभाले परिवर्तन गर्दै लगेको सुवेदीले बताउनुभयो ।

फुटबल विश्वकै लोकप्रिय खेल भएकाले यसको आकर्षण बढाउन ग्रासरुट प्रतियोगिता गराउने, विभिन्न समयमा फुटबल फेष्टिभल गराउने, महिलाहरुलाई पनि फुटबल खेलमा सहभागी गराएमा फुटबल खेलको अझ विकास हुने उहाँको धारणा छ । खेलाडीहरुले अनुशासित भएमा, पौष्टिक आहारमा ध्यान दिएमा, नियमित अभ्यास गरेमा, विभिन्न अन्तर्राष्ट्रिय खेल खेल्न सफल खेलाडीबाट प्रेरणा लिएमा, नियमपूर्वक खेलेमा, आफ्ना क्षमता प्रस्तुत गरेमा खेलाडीहरु उत्कृष्ट हुनसक्ने महासचिव सुवेदीले जानकारी दिनुभयो ।

# रायोको साग प्रतिमुठा ४० रुपैयाँ

समाज संवाददाता

हेटौँडाः अहिले हेटौँडा बजारमा रायो, स्कुसको मुन्टा, फर्सीको मुन्टा र लट्टेको साग उपलब्ध छ । हेटौँडामा रायोको साग प्रतिमुठा ४० रुपैयाँमा बिक्री भइरहेको छ । फर्सीको मुन्टा प्रतिमुठा ३० रुपैयाँ, लट्टेको साग प्रतिमुठा ३० रुपैयाँ र स्कुसको मुन्टा प्रतिमुठा ५० रुपैयाँमा बिक्री भइरहेको छ ।

हेटौँडामा अहिले मकवानपुरको भीमफेदी गाउँपालिकाबाट रायोको साग आइरहेको छ भने फर्सीको मुन्टा र स्कूसको मुन्टा थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका र भीमफेदी गाउँपालिकाबाट आउने व्यवसायी बताउँछन् । लट्टेको साग भने हाँडीखोलाका किसानले ल्याउने गरेका छन् । हेटौँडा-३, बसामाडीकी निर्मला प्रजा सागको मूल्य सस्तो भएको बताउनुहुन्छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# मध्यपृतनामा पृतनापति ट्रफी सुरु




*पृतनापति ट्रफीको उद्घाटन समारोहपछि सेनाका उच्च अधिकारी र अतिथिसहित सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका-१, सुपारेटारस्थित नेपाली सेनाको मध्यपृतना हेडक्वार्टरमा पृतनापति ट्रफी खेलकुद प्रतियोगिता सुरु भएको छ । शुक्रबार एक समारोहकाबीच प्रतियोगिता उद्घाटन कार्यक्रम भएको छ ।

### बिहिबारसम्म सञ्चालन हुने

प्रतियोगितामा बक्सिङ, तेक्वान्दो, स्वीमिङ, एथलेटिक्स, कराँते, जुडो, फुटबल, भलिबल, बास्केटबल र सुटआउट गरी १० विधाका खेलहरु हुने मेजर नीर कुमार कार्कीले जानकारी दिनुभयो । पृतनापति ट्रफीपछि प्रधानसेनापति ट्रफी प्रतियोगिता हुने उहाँले जानकारी दिनुभएको छ । प्रधानसेनापति ट्रफी आगामी असोज महिनामा हुनेछ । पृतनापति ट्रफीमा मध्यपृतनामातहत रहेका नेपाली सेनाको राट्रिय निकुञ्जका गणबाहेक ५ जिल्लामा रहेका ४ गणका खेलाडीको सहभागिता रहेको छ । उद्घाटन कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीसहित विभिन्न खेलकुद संघको मकवानपुर जिल्ला अध्यक्षहरुको पनि सहभागिता रहेको थियो ।

# प्रदेश छनोट खेल्ने यु-१९ फुटबल खेलाडीलाई विदाई



*प्रदेशस्तरीय छनोटमा सहभागी हुने टिमलाई विदाई गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघले १९ वर्ष उमेर समूहका ३५ जना खेलाडीलाई प्रदेशस्तरीय छनोटमा सहभागी हुन काठमाडौं जाने खेलाडीलाई शनिबार विदाई गरिएको छ । जिल्ला खेलकुद विकास समिति मकवानपुरको कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गर्दै खेलाडीहरुलाई विदाई गरिएको हो ।

जिल्लाबाट छनोट भएका ४१ जना खेलाडीलाई बुधबारदेखि शुक्रबारसम्म हेटौँडा-१० स्थित वनविज्ञान क्याम्पसको खेल मैदानमा प्रशिक्षणपछि शनिबार प्रदेश छनौट खेल्नका लागि विदाई गरिएको हो । जिल्लाबाट छनौट भएका ४१ जनामध्ये ६ जना खेलाडी भने सहभागी नभएको जनाएको छ । काठमाडौंमा आइतबार र सोमबार दुई दिन प्रदेशस्तरीय छनोट खेल हुनेछ । जिल्ला खेलकुद विकास समिति मकवानपरका अध्यक्ष वेश खड्गी, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, महासचिव छवी सुवेदी, कोषाध्यक्ष अमृत लुङ्बा लगायतका पदाधिकारीहरुले बिदाइ गर्नुभएको थियो ।

प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन जिल्लाबाट छनौट भएका सम्पूर्ण खेलाडीहरुलाई हौसला दिनुहुँदै अध्यक्ष खड्गीले सुन्दर भविष्यको कामना गर्नुभयो । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा आइतबार, सोमबार र मंगलबार हेटौँडा-५ स्थित पिप्ले क्याम्पा रङगशालामा खेलाडीहरुको क्षमता कौशलता लगनशीलताको आधारमा ४१ जना खेलाडी छनाएिका थिए । पिप्ले क्याम्पा रङगशालामा भएको पहिलो चरणको छनौट कार्यक्रममा १ सय २१ जना खेलाडीको सहभागिता रहेको थियो । अखिल नेपाल फुटबल संघ (एन्फा) ले राष्ट्रिय टिम तयार पार्ने उद्देश्यले जिल्ला, प्रदेश हुँदै राष्ट्रिय छनोटको कार्य गर्न लागेको हो । यसरी छनोट हुने नेपालको राष्ट्रिय टिमले काठमाडौंमै असोज ४ गतेदेखि १३ गतेसम्म हुने साफ च्याम्पियनसीपमा सहभागिता जनाउनेछ ।

# चिउरी बगौंचा रंगशालामा चिउरीका बिरुवा




*चिउरी बगैँचा रंगशाला परिसरमा वृक्षरोपण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका-४ स्थित चिउरी बगैँचा रंगशाला परिसरमा चिउरीका बिरुवा रोपिएको छ । ४ नम्बर वडाको केन्द्रको नाम नै चिउरी बगैँचा भए पनि चिउरीको रुख, बिरुवा नभएको सन्दर्भमा वडाले चिउरीको बिरुवा रोपेको हो । चिउरी स्वादिलो फल भएकोले भोलिका दिनमा स्थानीयले फल सेवन गर्न पाउने अपेक्षासहित वृक्षरोपण गरिएको वडा अध्यक्ष सागर पाण्डेले बताउनुभएको छ ।

शुक्रबार चिउरी बगैँचा रंगशाला पसिरसमा १४ वटा चिउरीको बिरुवा रोपिएको छ । यस्तै २२ वटा विरुबा अन्य प्रजातिका छन् । डिभिजन वन कार्यालय मनहरीबाट चिउरीका बिरुवा ल्याइएको वडाअध्यक्ष पाण्डेले बताउनुभयो । चिउरी बगैँचा रंगालामा फुटबल मैदान तयार गरी रंगशालामा प्यारापिट बनाउने र तारजालीले घेराबार गर्ने काम गरिएको छ । चालु आर्थिक वर्षका लागि प्यारापिट निर्माण र गेट निर्माणका लागि गाउँपालिकाले १ करोड बजेट विनियोजन गरेको छ ।

वृक्षरोपण कार्यमा स्थानीय समुदायको पनि सक्रिय सहभागिता रहेको थियो । वृक्षरोपणमा वडा अध्यक्ष पाण्डेसहित वडा सदस्य रामकृष्ण थापा, केशव लामा, गंगा सुनुवार चन्द्रमाया आलेको पनि सहभागिता रहेको थियो । यस्तै शनिबार स्थानीय बाराही पार्क परिसरमा २२ थान कपुर, अशोक, बकाइनालगायतका बिरुवा रोपिएको छ । करिब ८ कट्ठा क्षेत्रफल रहेको बाराही पार्कलाई आकर्षक बनाउने तयारी भइरहेको वडा अध्यक्ष पाण्डेले बताउनुभयो । वडाले हरेक साताको शुक्रबार र शनिबार वृक्षरोपण गर्ने योजना बनाएको वडा अध्यक्ष पाण्डेले बताउनुभयो । आउँदो शुक्रबार र शनिबार स्थानीय गुप्तेश्वरी मन्दिर परिसर र चिउरी बगैँचा गुम्बामा वृक्षरोपण गर्ने कार्यक्रम रहेको छ ।

# शिक्षक संगठनले बर्तौलामार्फत शिक्षा विधेयकमा संशोधन गर्न सुझाव पेश

समाज संवाददाता

हेटौंडाः एमाले निकट नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरले प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौलामार्फत शिक्षा विधेयकमा संशोधन गर्न सुझाव दिएको छ । संघीय सरकारले प्रतिनिधिसभामा पेश गरेको शिक्षा विधेयकको मस्यौदामा शिक्षकको हितमा नभएकोले विधेयकमा आवश्यक परिमार्जन गर्न बर्तौलालाई र बर्तौलामार्फत प्रतिनिधिसभामा सुझाव पेश गरिएको नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहालले बताउनुभयो ।

सरकारले प्रतिनिधिसभामा पेश गरेको शिक्षा विधेयक पश्चगामी भएको र शिक्षकको हितमा नभएको अध्यक्ष दाहालले बताउनुभयो । सरकारले कानुन निर्माण गर्दा शिक्षकको प्रतिनिधिलाई जानकारी नदिई एकलौटी ढङ्गले निर्माण गरेको विषय संसदमा पेश गर्न प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले सुझावलाई सुझाव दिएको बताउनुभयो । सरकारले ल्याएको शिक्षा विधेयक शिक्षकको हितमा नरहेको उहाँले बताउनुभयो । शिक्षा विधेयकमा विद्यालयका कर्मचारी, इसिडी शिक्षक र तत्कालिन प्लस टु शिक्षक सम्बन्धी व्यवस्था संशोधन हुनुपर्ने दाहालको भनाई रहेको छ । यस्तै स्थानीय तहलाई शिक्षकलाई कारबाही गर्न सक्ने अधिकार संघीय सरकारले दिँदा कर्मचारी मार्कामा पर्ने भन्दै विधेयक शिक्षकको विपरित भएको दाहालले बताउनुभयो ।

छलफलको क्रममा विधेयक परिमार्जन गर्न आवश्यक रहेको विषयमा प्रतिनिधिसभा सदस्यलाई जानकारी गराएको दाहालले स्पष्ट पार्नुभयो । स्थायी कर्मचारीको हकमा निश्चित समयमा पद बढुवा गर्ने सहमति पहिले नै भएपनि त्यो कार्यान्वयन नभएकोले कार्यान्वयनमा ल्याउनु पर्ने र शिक्षक सेवा आयोगलाई संवैधानिक बनाउन पर्ने विषयमा संसदमा आवाज उठाइदिन आफुले माग गरेको उहाँले बताउनुभयो ।

प्रतिनिधि सभा सदस्य बर्तौलाले संसदमा शिक्षा विधेयकमा आवश्यक संशोधन प्रस्ताव पेश गर्ने आश्वासन दिनुभएको दाहालले बताउनुभयो । संगठनले ८१ बुँदे लिखित सुझाव पेश गर्ने बताउनुभयो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

स्वादिष्ट नेवारी खाजा
अब




होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ